स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कोरोना संक्रमणदर घटेको मात्र हो : पूर्णरुपमा हटेको छैन । त्यसैले सचेत र सर्तक रहौं । विद्यालय तथा अन्य जमघटमा जाँदा स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



सुलक्षण भारतीको लेखन तथा निर्देशनमा बनेको फिल्म 'बोक्सीको घर'को टिजर सार्वजनिक गरिएको छ । महाशिवरात्रि तथा नारी दिवसको दिन पारेर सार्वजनिक टिजरमा बोक्सी कुप्रथाको नाममा महिलामाथि हुने हिंसालाई देखाइएको छ । अभिनेत्री केकी अधिकारी नव-विवाहित महिलाको रुपमा प्रस्तुत छन् । टिजरको अन्तिम दृश्यमा उनको चरित्रचित्रण प्रभावशाली देखिन्छ । ८ वर्षअघि मञ्चन भएको नाटक 'बोक्सीको घर'मा आधारित र हेर निर्माण भएको फिल्मले समाजमा प्रचलित कुप्रथालाई चित्रण गर्ने निर्देशक भारतीको भनाई छ ।

**आजको विचार...**



बद्रीप्रसाद दाहाल

नयाँ...
(दुई पेजमा)



अभिनेता दयाहाङ राई र महिला राष्ट्रिय फुटबल टिमकी गोलरक्षक अञ्जिला तुम्बापो सुब्बालाई प्रस्तुत गरिएको छ । दयाहाङ ढाकाटोपी लगाएर मुस्कुराएको भावमा देखिएका छन् भने अञ्जिलाको फुटबल मोह दर्शाइएको छ ।

❑ वर्ष २९ ❑ अंक २२१ ❑ २०८० फागुन २७ गते आइतबार 10 March 2024, Sunday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### सडक दुर्घटनामा सातको मृत्यु

**अफगानिस्तान,(रासस/सिन्हुवा)** फागुन २६/पश्चिमी अफगानिस्तानको निमरोज प्रान्तमा गाडी अनियन्त्रित भई दुर्घटना हुँदा सात यात्रुको मृत्यु भएको र अन्य तीन जना घाइते भएको प्रान्तीय ट्राफिक प्रहरी अधिकारी अबिदुल्लाह मिरवाइसले बताए ।

दिलाराम जिल्लालाई प्रान्तीय राजधानी जरन्ज सहरसँग जोड्ने सडकमा शुक्रबार राति सडक दुर्घटना हुँदा चार पुरुष, दुई महिला र एक बच्चाको घटनास्थलमै मृत्यु भएको र एक बालकसहित अन्य तीन जना घाइते भएको अधिकारीले बताए । अफगानिस्तानमा दुर्घटनामा पूर्वी गजनी प्रान्तमा भएको दुर्घटनामा छ जनाको मृत्यु भएको थियो भने ३२ जना घाइते भएका थिए । अफगान अधिकारीहरूका अनुसार त्रुटिपुर्ण ड्राइभिङ, भीडभाडयुक्त सडक, यात्राको क्रममा सुरक्षा उपायहरू अवलम्बन नगरिनु र जीर्ण राजमार्गहरू सडक दुर्घटनाका प्रमुख कारण हुन् । राष्ट्रिय ट्राफिक अधिकारीहरूको पछिल्लो तथ्याङ्कले गत दश महिनामा अफगानिस्तानमा सडक दुर्घटनामा परी एक हजार छ सयभन्दा बढी मानिसको मृत्यु भएको र चार हजारभन्दा बढी घाइते भएको देखाएको छ ।

# विद्यार्थी नै पढ्छन्, सिकाउँछन्

**जहाँ विद्यार्थी पढ्छन् र पढेका सिकेका ज्ञान,सीप अन्य विद्यालयमा गएर विद्यार्थीहरुलाई नै सिकाउँछन् । शिक्षक सहयोगी मात्रै बन्छन् । आफ्नै सक्रियतामा कक्षा चल्ने र सिकाइ हुने भएपछि विद्यार्थी पनि पढाइप्रति सजग र जिम्मेवार हुन थालेका छन् ।**

**रामचन्द्र रायमाझी/मन गहिरे पाल्पा,** फागुन २६/धेरै विद्यालयमा शिक्षकहरूले पढाउँछन्, विद्यार्थीहरुले पढ्छन् र ज्ञान, सीप हासिल गर्छन् । हासिल गरेको ज्ञान, सीप विद्यार्थी आफैमा सिमित हुन्छ । न उनीहरुले आफुले सिकेका कुराहरु अरुलाई सिकाउन्छ नत व्यवहारमै उतार्छन् । तर पाल्पामा यौटा विद्यालय अपवाद जस्तो छ, जहाँ विद्यार्थी पढ्छन् र पढेका सिकेका ज्ञान,सीप अन्य विद्यालयमा गएर विद्यार्थीहरुलाई नै सिकाउँछन् । शिक्षक सहयोगी मात्रै बन्छन् ।

जिल्लाको तानसेनस्थित मोहन कन्या माविले विद्यार्थीहरुमा यस्तो अभ्यासको थालनी गरेको हो । उसले पढ्दै-सिकाउँदै कार्यक्रम नै बनाएर विद्यार्थीहरुमा यस्तो अभ्यास गराउँदै आएको छ । यसले सिकाइ उपलब्धि बढाउन सहयोग पुगेको छ । यहाँ जिल्लामै एकमात्र कम्प्युटर इन्जिनियरिङको प्राविधिक शिक्षा अध्ययन हुन्छ । इन्जिनियरिङ पढिरहेका छात्राहरुले जिल्लाका अन्य विद्यालयमा गई त्यहाँका विद्यार्थीहरुलाई आफुले जानेका सीप र ज्ञान सिकाउने गर्छन् । यस विद्यालयले हरेक कुरालाई प्रयोगात्मक अभ्यासमा लैजान्छन् । विद्यार्थीकै अगुवाइमा विद्यार्थीबीच प्रतिस्पर्धाबाट सिकाउँछन् । यसो गराउँदा विद्यार्थी सिक्न जागरुक हुन्छन् । सिकाइ दिगो र प्रभावकारी हुन्छ । विद्यालयले यहि वर्षदेखि पढ्दै-सिकाउँदै कार्यक्रम ल्याएको हो । जसमा यहाँका विद्यार्थीहरुले पहिलो पटक बगनासकाली गाउँपालिका-१ मा रहेको राम आधारभुत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई आफुले जानेका ज्ञान, सीप सिकाएका छन् । त्यहाँ कक्षा-५ देखि ८ सम्मका ४५ जना विद्यार्थीहरुलाई कम्प्युटर विषयको विषयगत ज्ञान तथा प्रयोगात्मक ज्ञानका बारेमा सिकाएका छन् । उनीहरुले कम्प्युटर हार्डवेयर सम्बन्धी, कम्प्युटर एसेम्वल, सफटवेयर स्टल, फरमेटिङ, इन्टरनेट तथा आधारभूत कम्प्युटर सम्बन्धी सामान्य ज्ञानका बारेमा सिकाए । विद्यालयलाई विद्यार्थीमैत्री र सिकाइमैत्री बनाउन यस्तो अभियान ल्याइएको प्रधानाध्यापक दीपक ज्ञवालीले बताए । 'यसले विद्यार्थीलाई हरेक कुरा सिक्न उत्प्रेरित गरेको छ । सिकेको कुरा सम्झिरहने बनाएको छ,' उनले भने,'शिक्षकलाई पनि विद्यार्थीलाई पढाउन र बुझाउन धेरै बल प्रयोग गर्नु परेको छैन ।' 'हरेक नियम विद्यार्थीलाई पढाउने होइन, सिक्ने सिकाउने र आनीबानी सुधार्ने दृष्टिकोणबाट बनाएका छौं,' प्रअ ज्ञवालीले भने,'यसले विद्यार्थीलाई मिहिनेती, लगनशील र अनुशासित बनाउनसमेत सहयोग पुगेको छ ।' पढ्दै -सिकाउँदै गर्दा बालबालिकामा सिकाइप्रति रुचि बढ्ने र सिकेको सीपको हस्तान्तरण हुने विद्यालयका कोर्डिनेटर इन्जिनियर तिलकराम भण्डारीले बताए । आफ्नै सक्रियतामा कक्षा चल्ने र सिकाइ हुने भएपछि विद्यार्थी पनि पढाइप्रति सजग र जिम्मेवार हुन थालेका उनले बताए । विद्यार्थीले अर्कोदिन कक्षामा पढाउने विषय अघिल्लो दिन नै घरमा तयारी गर्न थालेका छन् । भण्डारीका अनुसार कक्षा-१२ का कम्प्युटर इन्जिनियङ पढ्दै गरेका सुरक्षा पाण्डे, वर्षा तिमिल्सिना, अनिता सुनार, कामना राना, मोनिका नेपाली, अपर्णा बज्राचार्य, निकिता रुचाल, ममता चालिसेको समुहले अन्य विद्यालयमा पुगेर विद्यार्थीहरुलाई सिकाउँदै आएका हुन् ।




ति विद्यार्थीहरुले पढ्दै-सिकाउँदै गर्दा आफुले नजानेका धेरै ज्ञान, सीप हासिल गरेको बताउँछन् । यसले सिक्न र सिकेको कुरा सम्झन सजिलो भएको समेत उनीहरुको भनाई छ । यस विद्यालयको अर्को अचम्म के छ भने छात्राहरुले मात्र अध्ययन गदर्छन् । पश्चिम क्षेत्रकै एक मात्र प्राविधिक कन्या स्कुलका रुपमा यो विद्यालयको स्थापना भएको हो । नेपाली समाजमा छोरीहरुलाई शिक्षा प्राप्त गर्न कठिन र चुनौती रहेका बेला २००७ सालमा विद्यालयले कन्याहरुका लागि छुट्टै छात्रावासको व्यवस्था गरी अध्ययन, अध्यापन गराउँदै आएको छ । राणाकालिन समयमा छोरीहरुले शिक्षा लिनु हुँदैन भन्ने मान्यता बोकेको कठिन परिस्थितीमा नारीहरुलाई पनि शिक्षाको मुलधारमा ल्याउनुपर्छ भन्ने अभिप्रायले २००७ सालमा विद्यालयको स्थापना गरिएको थियो । यो यात्रामा विद्यालयले आफुलाई यस क्षेत्रकै प्रतिष्ठित र उत्कृष्ट शैक्षिक संस्थाको रुपमा पहिचान बनाउन सफल भएको छ । २०७० सालदेखि प्राविधिक धारतर्फ कम्प्युटर इन्जिनियरिङ शुरुवात गरेको यस विद्यालयमा हाल आठौं प्याचका विद्यार्थीहरुले प्लस टु पास गरिसकेका छन् । अहिलेसम्म प्राविधिकतर्फ २० जना छात्राहरुले टि.यु. र पि.यु. मा इन्जिनियरिङमा छात्रावृत्तिमा नाम निकाली अध्ययन पुरा गरेर जागिरे समेत भैसकेको छन् । हाल कक्षा ९ देखि कक्षा १२ सम्मका ९० जना छात्राहरुले पढिरहेका छन् ।

**वैदेशिक रोजगारमा पुगेपछि ध्यान दिनुपर्ने कुराहरु**

- आफू गएको देशको भाषा, संस्कृति र धर्मको सम्मान गरौं ।
- स्वास्थ्य समस्या तथा दुर्घटनाको जोखिमबाट बच्न क्षमताभन्दा बढी काम नगरौं,
- काम गर्ने देशको ट्राफिक नियमको पालना गरौं,
- काम गर्ने देशका प्रचलन र कानूनको पालना गरौं,
- लहैलहैमा लागेर बन्द, हड्रुतालजस्ता क्रियाकलापमा सरिक नहोऔं,
- काम गर्ने मुलुकको कानूनले लैजान, खान र बिक्री गर्न नपाइने वस्तुका विषयमा जानकारी राखौं,

**याद राखौ :**

- आफूखुसी काम छाड्दा वा कम्पनीबाट भाग्दा अवैधानिक र असुरक्षित भई सजायको भागिदार हुने तथा पाउनुपर्ने सेवा, सुविधा र अधिकारबाट बञ्चित हुने भएकोले त्यस्ता कार्य नगरौं ।

कुनै समस्या परे नजिकको नेपाली दूतावास, सरकारी निकाय, संघ/संस्था वा आप्रवासी स्रोत केन्द्रमा सम्पर्क गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मुद्रण व्यवसायलाई समयानुसार स्तरयुक्त बनाउन जोड

**तानसेन,** फागुन २६/मुद्रण व्यवसायीहरुले व्यवसायलाई समयानुसार स्तरयुक्त बनाउनुपर्नेमा जोड दिएका छन् । मुद्रण उद्योग संघ रुपन्देहीको आयोजनामा तानसेनमा भएको दुई दिने कार्यशाला तथा संघको भावी रणनैतिक कार्य योजना सम्बन्धी गोष्ठीमा सहभागी व्यवसायीहरुले मुद्रण व्यवसायलाई समयानुसार स्तरयसक्त बनाउनुपर्नेमा जोड दिएका हुन् ।

कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका अध्यक्ष विष्णु तिवारीले मुद्रण व्यवसायलाई समयानुसार स्तरयुक्त बनाउँदै लैजानु पर्ने बताए । गोष्ठीको उद्घाटन गर्दै अध्यक्ष तिवारीले अहिले आधुनिक प्रविधिको युग भएकाले मुद्रण व्यवसायलाई पनि सहि अनुसार स्तरयुक्त



बनाएर लैजानु अहिलेको आवश्यकता रहेको औल्याए । प्रमुख अतिथि समेत रहेका तिवारीले सरकारलाई मुद्र व्यवसाय लक्षित बन्ने कानूनहरु समेत समय अनुकुल बनाउन दवाब दिनुपर्नेमा जोड दिए । उनले भने 'मुद्रण व्यवसायमा देखिएको अस्वस्थ प्रतिस्पर्धालाई व्यवस्थित बनाएर लैजान कानून समेत सोही अनुसार बनाउन जरुरी छ ।

त्यसका लागि संघले सरकारलाई घचघच्याउनु पर्दछ ।' कार्यक्रममा नेपाल मुद्रण उद्योग महासंघका द्वितीय उपाध्यक्ष मनोज जिसीले हाल मुलकको आर्थिक तरलताका कारण मुद्रण व्यवसायमा समेत समस्याहरु देखिएको बताए । महासंघका सल्लाकार खेमप्रसाद लुईटेलले सरकारको आर्थिक र भन्सार नीतिमा देखिएका कतिपय अस्पष्टताका कारण पनि मुद्रण व्यवसायी समस्यामा परेको धारणा व्यक्त गरे । महासंघका केन्द्रीय सदस्य कृष्ण पराजुलीले नेपालमा कागज र मुद्रणका सामानहरुको आयातमा अनावश्यक कानूनी झण्झट भएका कारण समस्या भएको बताए । मुद्रण उद्योग संघ लुम्बिनीका अध्यक्ष घनश्याम घिमिरेले सरकारी काममा कमिसनको खेलका कारण मोफसलका कामहरु बाहिर जाँदा व्यवसायीहरु मर्कामा परेको धारणा राखे ।

...-बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## नयाँ गठबन्धनको सार्थकता

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले काँग्रेससँगको गठबन्धन भत्काए एमालेसहितका दलहरुसँग मिलेर पुनः सरकार विस्तार गरेका छन् । 'प्रचण्ड'ले भइरहेका सबै मन्त्रीलाई पदमुक्त गरी एमाले, माओवादी, रास्वपा, एकिकृत समाजवादी, जनता समाजवादी पार्टी लगायतबाट प्रतिनिधित्व हुने गरी सरकार पुर्नगठन गरेका हुन् । नेपालमा जुनसुकै सरकार आए पनि ६ महिना, वर्ष दिनजति भएपछि यसरी नै सरकार परिवर्तन गरिहाल्ने संस्कार बढेर गएको छ । प्रधानमन्त्री प्रचण्डले २०७९ को निर्वाचनपछि एक वर्षमै तीनपटक सत्ता गठबन्धन फेरबदल र १३ पटक मन्त्रिमण्डल पुनर्गठन गरिसकेका छन् । यो गठबन्धन पनि लामो अवधि टिक्छ भन्नेमा विश्वस्त हुने आधार देखिँदैन । जसका कारण मुलुक झन् संकटमा पर्ने निश्चित छ । जसरी भए पनि सत्ता हात पार्ने ध्याउन्नमा मात्रै दलहरु लाग्नु जनताप्रतिको बेमाइन मात्रै हैन मुलुकलाई नै अस्थिर राजनीतिको अखडा बनाएका छन् । यो अत्यन्त दुखद् हो ।

सरकार निर्माणमा नयाँ समीकरण बनेसँगै प्रधानमन्त्री प्रचण्डले २० सदस्यी मन्त्रीपरिषद् गठन गरेका छन् । मन्त्रिपरिषद विस्तारसँगै मन्त्रीहरुले पदभार ग्रहण गर्दै पहिलो निर्णयहरु समेत गरेका छन् । उनीहरुले गरेका निर्णय कार्यान्वयनको परीक्षा सुरु भइसकेको छ । यद्यपी आजसम्मका मन्त्रीहरूका निर्णय र तिनको कार्यान्वयन गर्दा उनीहरूलाई पनि शंकाकै दृष्टिले हेर्नुपर्ने अवस्था छ । तर आशा गरौं उनीहरूले पहिलोमात्रै होइन हरनिर्णय कार्यान्वयन गर्ने छन् र जनतामा छाएको निराशा चिर्दै, सबै उस्तै हुँदैनन् यिनीहरूचाहिँ झन् फरक हुन् भन्ने अनुभूति गर्न पाउन् । जनताले आशा पनि गरेका र राजनीतिमा नयाँ गर्छौं भनेर आएकाहरू पनि सामेल भएको पुनर्गठित मन्त्रिपरिषद्का सदस्यहरूलाई निर्णय र निर्देशन दिएरमात्रै वा बोलेर मात्रै सुख हुनेछैन । निर्णय कार्यान्वयन र जनताले चाहेको सुशासन स्थापित गरेमात्रै उनीहरू पत्यारिला हुने छन् । यसर्थ राज्यका तमाम निकायको सेवा प्रवाहलाई जनमैत्री र प्रभावकारी बनाई नागरिकको समृद्धि चाहनालाई साकार पार्दै जान सके मात्र नयाँ गठबन्धनको सार्थकता पूरा हुने छ । यसतर्फ सत्ता गठबन्धन दल र सम्बन्धित मन्त्रालयका मन्त्रीहरु गम्भीर बन्न जरुरी छ ।

## Opinion @ Social Network


जे छ मनमै छ सुनाउन छाडिसके मैंले
सुनेर नि बुझिदिने कोहि नभएपछि ।
(दिलु रानाको फेसबुक स्टाटस https://www.facebook.com/Dilu.Rana.)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नयाँ गठबन्धनको नीति+दिशा=उथलपुथल !



बद्रीप्रसाद दाहाल

*यहाँका दल भनाउँदाहरू संविधान, नीति तथा नैतिकता नमानेर हिँड्दा निम्नमध्यमवर्ग, ग्रासरुटका जनता र स्थायी सरकारसमेत निरीह तथा पशु बन्ने थितिको सिर्जना हुनपुगेको छ आज । गठबन्धनवादको बण्डावादी नीच ! उपागमले अगस्ति, धुन्धुकारी र रत्नाकरवृत्तिहरू चरम रूपमा खुट्टो घुमाएर पुठ्ठो नचाउने कुरूपता अझ बढोत्तरीमै छ । सिसिफसले ढुंगो उठाएर लेर जाने अनि लडाउने पुनस्तद्वत् अघिकै जस्तो कथाझैँ छलाङे स्वाङमा देश भ्वाङै भ्वाङले थिलथिलो भएको कुरूपता कति दिन हेरेरबस्ने हे मेरी बास्सै ! के खोज्छस् नेता कुर्सी' भन्ने आधुनिक उखान पूर्ण साकार पार्नेतिर पो पुगे बा ! नकच्चराहरू ! चराको धोती हुँदैन नकच्चराको ओखती हुँदैन भनेजस्तो पो भो त नेपालाँ ! जान्नु न सान्नु थुतुनोमात्र तान्नु भनेझैँ 'उथलपुथल' शब्दलाई नै अनर्थ भाष्य गर्ने हास्य जोक्करहरूको भद्दा कमिक कति वर्ष टुलटुलु हेरेर बस्ने हामी तृणमूल रैतीले । आवेग र क्रोधको ज्वालामा निस्किएको लघुवाणी 'म नमरुन्जेल उथलपुथल भइरहन्छ' । उथलपुथल भनेको त लामो कालखण्डपछि आउने महान् परिवर्तन पो हो त ! केही महिना वा वर्षदिन बित्दानबित्दै आउने उलटपुलट त अव्यवस्था, अराजकता, अस्तव्यस्त र अत्यधिक सनक र उत्तेजनाको लाजहराम मपाइँतन्त्र होइन र ? दायाँलाई बायाँ र बायाँलाई दायाँ बनाउने निरर्थक प्रयासको बालुवा पेल्ने खलकर्म होइन र यो उलटापुलटको चुरो अन्तर्य ?*

यही हप्ताको सोमबार नेपाली काँग्रेस र माओवादी गठबन्धनको गाँठो तोडिएको कुरा एक्कासि प्रचण्डको जण्ड मुखारबिन्दबाट हुकुमी शैलीमा आवेग र आक्रोश-मिश्रित स्वरमार्फत पटट्ट पड्कियो । यतिखेरको संसदको सबैभन्दा ठूलो दल भनिएको गठबन्धनको स्टेकहोल्डर भइखाएको काँग्रेससित कुनै औपचारिक वार्ताविना संयुक्त गठबन्धनलाई एक्कासि आर्यघाट पुऱ्याइदिए वा त्यत्रो शक्तिलाई नाथे र छुसीजति पनि गिन्ती नगरी ! केही वर्षयता नेपालका कथित राजनीतिक दलहरूका शरीरमा प्राण भर्ने चुरो उपागम-दर्शन, सिद्धान्त र विचारबाट स्खलितथरी थरीका अप्राकृतिक एवं अस्वाभाविक गठबन्धन, तालमेल वा गठजोडबाट समुन्पन्न तमोगुणी बण्डावाद नै बन्न पुगेको छुरो कुरो अस्ताउन लागेका बुढी बुढोदेखि उदाउँदैका साना भुरालाई पनि थाहा भइसकेको छ । 'क्षणे रुष्टाः क्षणे तुष्टाः रुष्टेः तुष्टे क्षणे क्षणे । अव्यवस्थित चित्तानां प्रसादोद्रपि भयङ्गरः।।'

अर्थात् आफ्नो स्वार्थमा धक्का लाग्ने बित्तिकै एकछिनमै कुपित वा क्रुद्ध हुने, स्वार्थ पूरा भएमा तुरुन्तै खुशी हुने व्यक्तिहरू अव्यवस्थित या अराजक फदयका हुन्छन् त्यस्ता लहडी स्वभाव भएका मानिस कथं खुशी भइहाले पनि डरलाग्दै हुन्छन् अत : यस्ता मानिसको कबै संगत नगर्नू भनेर नीतिले बोलेको वचनमा बेवास्ता गर्दा काँग्रेस नामक जन्तुको पिसाबे न्यानोको अलाइन्सको तन्तु चुँडिनुको साथै दह्रो पादप्रहार पनि भएको छ । यहाँका दल भनाउँदाहरू संविधान, नीति तथा नैतिकता नमानेर हिँड्दा निम्नमध्यमवर्ग, ग्रासरुटका जनता र स्थायी सरकारसमेत निरीह तथा पशु बन्ने थितिको सिर्जना हुनपुगेको छ आज । गठबन्धनवादको बण्डावादी नीच ! उपागमले अगस्ति, धुन्धुकारी र रत्नाकरवृत्तिहरू चरम रूपमा खुट्टो घुमाएर पुठ्ठो नचाउने कुरूपता अझ बढोत्तरीमै छ । सिसिफसले ढुंगो उठाएर लेर जाने अनि लडाउने पुनस्तद्वत् अघिकै जस्तो कथाझैँ छलाङे स्वाङमा देश भ्वाङै भ्वाङले थिलथिलो भएको कुरूपता कति दिन हेरेरबस्ने हे मेरी बास्सै ! के खोज्छस् नेता कुर्सी' भन्ने आधुनिक उखान पूर्ण साकार पार्नेतिर पो पुगे बा ! नकच्चराहरू ! चराको धोती हुँदैन नकच्चराको ओखती हुँदैन भनेजस्तो पो भो त नेपालाँ ! जान्नु न सान्नु थुतुनोमात्र तान्नु भनेझैँ 'उथलपुथल' शब्दलाई नै अनर्थ भाष्य गर्ने हास्य जोक्करहरूको भद्दा कमिक कति वर्ष टुलटुलु हेरेर बस्ने हामी तृणमूल रैतीले । आवेग र क्रोधको ज्वालामा निस्किएको लघुवाणी 'म नमरुन्जेल उथलपुथल भइरहन्छ' ।

उथलपुथल भनेको त लामो कालखण्डपछि आउने महान् परिवर्तन पो हो त ! केही महिना वा वर्षदिन बित्दानबित्दै आउने उलटपुलट त अव्यवस्था, अराजकता, अस्तव्यस्त र अत्यधिक सनक र उत्तेजनाको लाजहराम मपाइँतन्त्र होइन र ? दायाँलाई बायाँ र बायाँलाई दायाँ बनाउने निरर्थक प्रयासको बालुवा पेल्ने खलकर्म होइन र यो उलटापुलटको चुरो अन्तर्य ? अनि संघीय लोकतान्त्रिक गणतन्त्र हाम्रो माटोमा असफल छ र निरंकुश तानाशाही नै बेस हुन्छ यही सिद्ध गर्न खोजिएको त होइन नक्कली सिद्धहरूले । संसदीय व्यवस्था त 'खसीको टाउको देखाएर ....को मासु बेच्नु हो' भन्ने सर्वसत्तावादीहरूको जाल काल बनेर घाँटी समात्दैन त ! 'उथलपुथल जस्तो गरिमामय अर्थ बोकेको शब्दलाई सिरान हालेर देशलाई अन्योल, अस्थायित्व, गोलमाल, अशान्ति, कानुनहीन राज्य र सामाजिक भडकावको अपभ्रंसित किल्लामा पुऱ्याएर चिल्ला बोलीमा गिल्ला भर्ने कुकामले मुलुक शेषमात्र पार्नसक्छ ।

जहाँ दर्शन, सिद्धान्त, विचार, नैतिकता, इमान्दारिता, माटोको अनुराग छैन त्यहाँ भुत्राको उथलपुथल ?' हाम्रो वाद जमेको पोखरी होइन, यो त गड्गडाउने नदी हो' भन्ने तर गन्धा बाढी ल्याएर अवैध धन्दामा भूमि र बस्ती नै जोखिममा पुऱ्याउनु खहरेको काम हो गङ्गा त सधैँ चङ्गा भइरहन्छ भन्ने नबुझ्नु मूर्खता होइन र ? राष्ट्रको आन्तरिक र बाफय कर्जाका ऋण रकम हेर्दा बेहोस् हुने थिति देखिँदा नि कहिल्यै चेत नपस्ने कथित नेतृत्वलाई कुन नामले संबोधन गर्ने ? लुटखसोटमा टेकेर नेतातन्त्रकै सेवामा निखे्र लागी जनतालाई उल्लीबिल्ली र विचल्ली पार्ने वेनका कुरूप औतार जुवाखालेसित सधैँ लुथ्रे कान लगाएर बस्ने नुन खाएका कुखुराका भालेजस्ता काले, गाले, झालेमाले र रालेहरू नेपथ्यतिर मुख मिठ्याइरहेका छन् कि ? यस्ता आभारा, छली र पापका भारी नेतृत्वका दाह्री समात्ने खोई राजनीतिक खेलाडी ? मसान शान्तिको यो देशमा सबै मुर्दामा रूपायित भइसके ? मिसन चौरासीको भिजन बेच्ने केही पसले त अन्धतामिस्रमा हतार हतार हामफालिसके । अरू ठिनेमिने ठेउकादेखि उत्तर वयका युवा र बुढा वाचस्तेनहरू कतै नसामा नशा घोप्ट्याएर कतातिर थुतुनो जोतिरहेका छन् ? कस्तो विडम्बना ! हुन त एक महिने, छ महिने र बर्खान्तमा आउने छलाङे हावाहुरीले ल्याउने अराजकताले नव दासहरूको भर्ना पनि हुन्छ । कतिपय बौद्धिक टाटगिरी तथा प्रगल्भवादका भाटगिरी खाटमाथि बसिहाल्छन् । बर्खाको च्याउझैँ नयाँ नयाँ पद र मानमा मानित बन्न र कमिसको मिसन भकुरेर ऊर्ध्ववायु र अधोवायु चलाउन मजाले पाउँछन् । नाता, अनुचर, चारण र स्तोत्र गबैयाहरूमा नयाँ-नयाँले मौकाको चौका पनि हान्न पाउँछन् । गणेशपन्थका हुलहरूमध्येबाट तह तहका मन्त्री बनाएर पाँच बर्खे कार्यकालमा संघीय गणतन्त्र नामधारी उद्योगशालाबाट विरिलविरिल मन्त्री उत्पादन गरी मन्त्राणीहरूको रबाफ हेर्ने अवसर पनि पाइने । माला, खादा, सगुनमा रङ्गिँदै उद्घाटन र विमोचनमा भाषणका पटाका पड्काउन पनि पाइहालियो । प्रदेश तहतिर नयाँ सरकारमा जनदरकार कुल्चने भुसतिघ्रे जमातले रोजगार पाइहाल्छन् । नयाँ नयाँ मयलपोस, कोट, सुट टाई सिलाउने समुदायले यो मन्दीमा मान्यामान्यहरूलाई सिँगार्ने रोजगार पनि पाइहाल्छन् । साम्यवादको स्वर्णयुग आउने स्वैर कल्पना बाँडेर गरिबी फाँड्ने कोकोहोलो मज्जाले मच्चाई रैतीहरूलाई जनार्दनको पालिसमा संबोधन गरी करी, थुप्पा, तास र वारुणीका भोजमा मोज भर्न पाइने । अनि भोज सकेर पोज दिँदै गर्जने :-

समसामयिक छलाङ-जिन्दावाद !
क्तमभङ्गवाद-चिरायु होस् !
स्वल्पकालिक उथलपुथल-अमर रहोस् !
पश्चगामी, पुनरुत्थानवादी-मूर्दावाद !
घेराबन्दी-तोड्छौँ फोड्छौँ ।
समाप्तम् ।

**-इहिमालय टाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : सामान खरीद गरिनेछ । स्वास्थ्यको विशेष ख्याल गर्नुहोला ।

**वृष** : बुद्धि र विवेकको प्रयोग गर्न सके दिनलाई सकारात्मक बनाउने सकिनेछ ।

**मिथुन** : भ्रमणमा मन रम्ने छ । मालसामान हराउन सक्छ ।

**कर्कट** : कार्यमा सफलता मिल्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**सिंह** : शुभचिन्तकहरूले पूर्ण समर्थन प्रदान गर्नेछन् । समस्या सुल्झाउन सकिनेछ ।

**कन्या** : नयाँ कूरा, ज्ञान सिक्ने मौका मिल्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ ।

**तुला** : अनावश्यक यात्रा हुनेछ । कार्य सम्पादनमा समस्या आउला ।

**वृश्चिक** : धार्मिक यात्राको योग छ । नयाँ कार्यको योजना बन्नेछ ।

**धनु** : ताकेको कार्य पुरा होला । दैनिक कार्यमा प्रगति हुनेछ ।

**मकर** : कामको थालनी हुनेछ । मनोरञ्जनमा सहभागी भइएला ।

**कुम्भ** : मनमा शान्ति मिल्नेछ । विद्याको क्षेत्र सबल रहनेछ ।

**मीन** : मनमा उत्साहका साथै बोली विक्ने समयछ । अतिथीको आगमन हुनेछ ।

# कृषि

## बसाइँसराइले उजाडिएको गाउँमा मौरीपालनमा रमाइरहेका पौडेल दम्पती



वरपरका छरछिमेकी बसाइँसराइ गरेर कोही चितवन, कोही गैँडाकोट त कोही पोखरा गएका छन् । दिनप्रति दिन गाउँ सुनसान बन्दै छ । गाउँमा भएका युवा दिनहुँ विदेश पलायन भइरहेका छन् । घरमा भएका छोरोछोरी पनि पढाइका लागि बजार झर्न थालेका छन् ।

सेवासुविधाको खोजीमा गाउँले तराई झर्न थालेपछि बागलुङको जैमिनी नगरपालिका-४ सर्कुवा गाउँ सुनसान बन्न थालेको छ । सुनसान बन्दै गएको गाउँमा स्थानीय बाबुराम पौडेल र उनकी श्रीमती मायादेवी पौडेल भने व्यावसायिक मौरीपालनमा रमाई राखेकी छन् । बसाइँसराइले उजाड बन्न थालेको गाउँमा व्यावसायिक बन्दै गएका पौडेल दम्पतीलाई बसाइँसराइ गर्नुभन्दा गाउँमै उद्यमी बन्नु ठिक लाग्यो । अहिले उनीहरु धेरैका लागि प्रेरणाको स्रोत बनेका छन् । पौडेलले तराईमा घडेरीसमेत जोडेका छन् । गाउँमा जस्तो स्वच्छ हावापानी र वातावरण नहुने हुँदा बसाइँसराइ नगरेको बाबुरामले बताए । उनको घरको बार्दली, कौसी, छानो र पिँढीभरि मौरीका घार छन् । घारमा मौरीले रस बनाइरहेका छन् । आधुनिक प्रविधि अपनाएर मौरीपालनमा लागेका पौडेल दम्पतीले तरकारीसँगै सुन्तला खेती पनि गर्दै आएका छन् । बाबुराम आफैँले आधुनिक मौरीको घार बनाउने हुँदा हरेक वर्ष हजारौँको खाली र मौरीसहितका घार बिक्री हुने गरेको उनले बताए । हातमा सीप र जाँगरले गर्दा सुनसान गाउँमा बाबुराम सफल उद्यमीकारुपमा चिनिन्छन् । पौडेलले बारीमा दुई वटा हाइटेक टनेल बनाएर मौसमी तथा बेमौसमी तरकारीखेती गर्दै आएका छन् । पाँच वर्ष अगाडि लगाएका एक सय बोट सुन्तलाले पनि अहिले उत्पादन दिन थालेका बाबुरामले बताए । मौरीपालनलाई मुख्य पेसा बनाएको भन्दै लोकल कुखुरा, दूध, घ्युका लागि भैँसीसमेत पालन गरेको उनको भनाइ छ । गाउँमा थुप्रै छिमेकी धमाधम बसाइँसराइ गरे पनि यहाँ अवसर धेरै भएकाले गाउँ छोड्न नसकेको बाबुरामले बताए । दश वर्ष अगाडि साथी भाइको लहलहैमा मलेसिया पुगेर २२ महिना दु:ख गरेको सुनाउँदै सैर्ष गरे घरमै पनि प्रशस्त कमाइ गर्न सकिने उनको भनाइ छ । घरमा पहिले बाउबाजेको पालादेखि दुई/चार घार मौरी पाल्दै आएको बताउँदै बाबुरामले अहिले आधुनिक तरिकाले व्यावसायिक रुपमा लागिएको जानकारी दिए । 'गाउँमा काठ जति पनि पाइन्छ, हातमा सीप भएकाले मौरीको घार आफैँ बनाउँछु । पहिले मुडे घारमा मौरी पाल्ने चलन थियो, अहिले सबै आधुनिक घारमा राखेका छौँ', बाबुरामले भने, 'विदेश २२ महिना बसेर आएपछि स्वदेशमै केही गरौँ भन्ने लागेर व्यावसायिक मौरीपालन सुरु गरेको हुँ । अहिले प्रशस्त आम्दानी भइरहेको छ ।' आफूले मौरीपालन सुरु गर्दा कुनै तालिम नलिएको बताउँदै बाबुरामले व्यवसाय सुरु गरेको धेरै वर्षपछि मौरी विकास केन्द्र गोदावरीबाट तालिम लिएको जानकारी दिए । झण्डै डेढ दशकदेखि मौरीपालन गर्दै आए पनि आठ वर्ष अगाडि मात्रै फर्म दर्ता गरेर व्यवसायलाई व्यवस्थित गरेको उनको भनाइ छ । पौडेलले हाल ४० घार मौरी पालेका छन् । गत वर्ष एक सय घार मौरी रहेकामा केही बिक्री गरेको र २० घार बचेका उनको भनाइ छ । पोहोर साल धेरै घार मौरी अपरिचित रोगले मर्दा झण्डै रु पाँच लाख नोक्सानी व्यहोर्नु परेको बाबुरामले बताए । पौडेल दम्पतीले मौरीपालनबाटै दुई छोरोछोरीलाई पोखरामा पढाइ राखेका छन् । छोरीले आइटी इञ्जिनियर र छोराले कम्प्युटर विज्ञान पढिरहेका छन् । पौडेलकी पत्नी मायादेवी विहान सबेरै उठेदेखि साँझसम्म मौरीको हेरचार र बारीमा रहेका सुन्तला, टनेलमा गोडमेल र पानी लगाउने काम गर्छिन् । उनीहरुले आफ्नो जग्गा कतै पनि बाँझो राखेका छैनन् । बारीमा बाँझो जमिनमा लम्सी र फलफूलका बिरुवा लगाएका छन् । जमिनलाई उपयोग गर्ने मान्यताले सबै ठाउँमा विभिन्न प्रजातिका वनस्पतिका बिरुवा लगाइएको मायादेवीले बताइन् । गत वर्ष ४० घार मौरी बेचेकामा यस वर्ष भने कम भएको उनको भनाइ छ । दुई सिजनमा मौरीको घारबाट मह निकाल्ने हुँदा आम्दानी पनि राम्रो हुने मायादेवीले बताइन् । उनीहरुले हरेक वर्ष दुई क्विन्टल मह बच्ने गरेका छन् । एक किलोलाई रु एक हजार पाँच सय देखि दुई हजारसम्ममा बिक्री हुँदा मेहनतको मूल्य पर्ने गरेको उनले सुनाइन् । महको माग धेरै हुने भएकाले बजारको अभाव नभएको मायादेवीले बताइन् । यस वर्षदेखि सुन्तला उत्पादन हुन थालेपछि पहिलो पटकमा रु ७० हजार बढीको बिक्री भएको उनले जानकारी दिइन् । तरकारीबाट पनि बिस्तारै आम्दानी हुन थालेको भन्दै गाउँको माया र माटोप्रतिको सम्मानले गर्दा अन्त बसाइँ सर्न मनले नमान्ने उनले बताइन् । गाउँमा सामान्य कृषि गर्नेले राज्यबाट पाउने अनुदान सहजै प्राप्त गरिरहेका भन्दै आफूहरुले निरन्तर यही काम गर्दै आए पनि सहयोग पाउन नसकेको बाबुरामले दुखेसो पोखे । टाढाबाठाले मात्रै अनुदान पाउने तर वास्तविक किसानले नपाउने उनको भनाइ छ । 'मलाई यहाँ भएको कुनै पनि बारी बाँझो राख्न मन लाग्दैन, गाउँमा हरेक दिन खेतीयोग्य जमिन बाँझो बन्दै गएका छन् । मकै, गहुँ खेती गर्दैनौँ', मायादेवीले भनिन्, 'फलफूल र तरकारीखेती तथा मौरीपालनलाई निरन्तरता दिएका छौँ । मौरीले बारीबाट रस लिन्छन् । मौरी, बोट बिरुवा र माटोसँग खेल्न निकै आनन्द लाग्छ ।'**-रासस**

## सिद्धिपुरबाट दुई करोड मूल्य बराबरको बेसार बिक्री



उदयपुरको चौदण्डी गढी नगरपालिका स्थित सिद्धिपुर गाउँबाट यस वर्ष दुई करोड मूल्य बराबरको बेसार बिक्री भएको छ । विसं २०५० देखि नै सिद्धिपुरवासीले व्यावसायिक बेसार खेती गर्दै आएका छन् ।

सिद्धिपुरका कृषक नेत्रबहादुर पुलामी मगरले सिद्धिपुरका झण्डै ५० घर परिवारमध्ये ३० घरले व्यावसायिकरुपमा नै बेसार खेती गर्दै आएका बताए । स्थानीयवासी देवबहादुर मगरले भने,'२०५० सालतिर देखिनै गाउँमा बेसार खेती सुरु भएको हो । २०६० सालदेखि सबै गाउँलेले व्यावसायिक रूपमा नै बेसार खेती गर्न थालेपछि अहिले गाउँ नै बेसार खेतीमय भएको छ ।' उनका अनुसार अहिले गाउँबाट वार्षिक दुई करोडभन्दा बढीको बेसार बिक्री हुने गरेको छ । अर्का कृषक इन्द्रबहादुर मगरले अनुसार नयाँ आधुनिक प्रजातिको सुगन्धा बेसार उत्पादन हुन थालेपछि खेती र उत्पादनमा वृद्धि भएको छ । उनले एक घरले वार्षिक झण्डै तीन लाखभन्दा माथि बेसार उत्पादन गरेर बिक्री गर्ने गरेको बताए । किसान सन्तबहादुर मगरले २०७३ सालदेखि यस क्षेत्रको बेसार मङ्सिर पुस महिनातिरनै विराटनगरका व्यापारीले खरिद गर्न आउने गरेको जानकारी दिए । पछिल्लो समय सिद्धिपुरवासीको आर्थिक आम्दानीको स्रोत नै बेसार भएको चौदण्डी-६ का वडासदस्य देवी मगरले बताए । जिल्ला कृषि ज्ञान केन्द्र उदयपुरका अनुसार अहिले उदयपुर जिल्लामा ५५९ हेक्टर क्षेत्रफलमा बेसार उत्पादन हुँदै आएको छ । केन्द्रका सूचना अधिकारी तथा अधिकृत फूलमाया शेर्पाले सबैभन्दा बढी बेसार उत्पादन पाकेट क्षेत्रको रूपमा सिद्धिपुर क्षेत्र रहेको बताइन् । यसैगरी त्रियुगा नगरपालिकाको साउने, खाँबु, रौतामाई गाउँपालिकाको आँपटार, उदयपुगढी गाउँपालिकाको भलायाडाँडा, डुम्रेसहित कटारी नगरपालिकाको रिस्कु सोमबारे र बेलका नगरपालिकाको मैनामैनी महत्त्वपूर्ण बेसार उत्पादन क्षेत्र रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।**-रासस**

## म्याग्दीका वन पाखामा फक्रँदै सिमल

'झर्खर माया बसेको बेलैमा
हिँड्नु पर्यो नौतुना रेलैमा
तिम्लाई छोडी हिँडेको दिन
रोएको मन बुझाउनै सकिन
सिमल फुलेको
भुल्यौ क्यारे मायाले सँगै डुलेको'

गायकद्वय ऋषि अधिकारी र शर्मिला गुरुङको स्वर रहेको यो गीतको टुक्काले त बिछोडको पल सम्झाउँछ । यतिखेर म्याग्दीको बेनी र वरपरका पाखा पखेरामा फक्रँदै गरेको सिमलको फूल देख्दा भने विछोडका हरेक पल बिर्सिएर मनै प्रफुल्ल हुन्छ ।

वसन्त ऋतुको सुरुआत । हिउँदको खडेरीले सुकेको पाखामा पालुवा हाल्ने तयारीमा रहेका बिरुवा । कोइलीको मनमोहक कुहुकुहु आवाज । अनि म्याग्दी र कालीगण्डकी नदी वारपारका सडकछेउ तथा पाखामा फुलेको सिमल । यसैले बिर्साइदिन्छ जोकोहीको बिछोडको पल र प्रफुल्ल बनाइदिन्छ मन । अग्ला रुखमा फुलेको सिमलले पहाडको बेँसीलाई रङ्गिन र मनमोहक बनाएको छ । यतिखेर यो बाटो हुँदै बेनी र जोमसोम गर्ने आन्तरिक एवं विदेशी पर्यटक पनि सिमलको फूल हेर्दै कोइलीको आवाज सुन्दै रमाइरहेका छन् । कतिपय यस्तो वातावरणमा एकान्तको मज्जा लिन पनि आएका छन् । सिमलको फूलको रातो रङमा गाढा खैरोमा कलेजी सिमाना देखिन्छ । भित्रपट्टि गाढा रातो रङका पाँच वटा पुष्पपत्र हुन्छन् । डिभिजन वन कार्यालय म्याग्दीका सहायक वन अधिकृत चन्द्रमणि सापकोटाका अनुसार म्याग्दीमा कडा रातो र रातोमा हल्का पहेँलो रङ मिसिएको फूल फुल्ने दुई जातका सिमल पाइन्छ । यो सिमल फूल्ने मौसम भएकाले म्याग्दीका वनपाखाहरु सुन्दर देखिएका छन् । केही समयपछि लाली गुराँस फुलेर मनमोहक देखिने यहाँका वन पाखामा अहिले रातो रङमा फुलेको सिमलले सुन्दर बनाइदिएको छ । बाटो किनारमा ढकमक्क फूलेको फूल देखेपछि मानिसहरु सवारी रोकेर सिमलसँगै तस्बिर लिएर जाने गरेका छन् । सिमल दुर्लभ नै वनस्पति त होइन तर अन्य वनस्पतिझैँ जतातत्तै पाइने सर्वसुलभ पनि होइन । समुद्री सतहदेखि एक हजार ४०० मिटरको उचाइमा पाइने सिमलको वैज्ञानिक नाम 'बम्बाक्स सेइबा' हो । वनस्पतिविद् कमल मादेनका अनुसार सन् १७५३ मा प्रकाशित स्पेसिस प्लान्टारम् पुस्तक अनुसार स्वीडेनका वनस्पतिविद् एवम् जीवशास्त्री कार्ल लिन्नियसले यो नाम जुराएका थिए । नेपालसहित दक्षिण एसियाका सबैजसो देश, चीन, इन्डोनेसिया, लाओस, मलेसिया, म्यान्मार, फिलिपिन्स आदि मुलुकमा सिमल पाइन्छ । मध्यरातपछि बिहानसम्ममा फक्रने सिमलको फूलको जैविक विशेषता हो । फूलको रस चुस्न रातमा चमेरो र बिहानीपख चराहरू झुम्मिन्छन् । सिमलको फूल मौरीको पनि आहरा हो । 'बर्डस् एसोसिएटेडविद् रेड सिल्क-कटन ट्री, अम्रावती डिष्ट्रिक्ट' महाराष्ट्र शीर्षकको २०१९ जनवरीमा प्रकाशन भएको अनुसन्धानात्मक लेखका अनुसार सिमलको फूलमा ८१ प्रजातिका चरा आकर्षित भएको पाइएको थियो । सिमल फूलको पुष्पपत्रलाई तरकारी तथा अचार बनाएर खाने प्रचलन रहेको म्याग्दीको बेनी नगरपालिका-४ सिंगाका ७० वर्षीय ताराप्रसाद पौडेलले बताउनुभयो । उहाँका अनुसार अघिल्लो पुस्तासम्म कपासबाट बनेका कपडा सहजरुपमा उपलब्ध नहुँदा सिमलको भुवा संकलन गरेर सिरानी, सिरक, डसना बनाउने गरिन्छ । हिजोआज सिमलको भुवा प्रयोग कमै मात्र हुन्छ । कपास सहजै पाइन थालेपछि सिमलको भुवाको प्रयोग घटेको हो । सिमलको बोक्रालाई दहीमा मिसाएर उपभोग गर्दा शरीरमा गर्मीका कारण उत्पन्न हुने स्वास्थ्य समस्या निको हुने सहायक वन अधिकृत सापकोटाले बताउनुभयो । सिमलको डाँठ र मुना लाग्दै गरेको पातमा चिप्लो मात्रा धेरै हुन्छ । सिमलको पात निचोरेर काटेको ठाउँमा दल्दा चाँडै निको हुने गरेको बूढापाका बताउँछन् । टाउको दुख्दा सिमलको पातको रस एक/दुई चम्चा पिउँदा आराम मिल्छ । सन् २००२ मा प्रकाशन भएको 'प्लान्ट्स एण्ड पिपल अफ नेपाल' पुस्तकमा नारायणप्रसाद मानन्धरले सिमलको बोक्रा पिसेर छानिएको झोल खोकी र अपचको समस्यामा उपयोगी हुने उल्लेख गरे । मानन्धरको लेखमा सिमलको जरा गुलियो हुने उल्लेख छ । कलिलो जरा पिसेर बनाएको रसले बन्द भएको पिसाब खुलाउँछ । ज्वरोमा पनि जराको रस सेवन गराइन्छ । गाउँघरमा गोठाला र खेताला जाँदा कलिलो सिमलको घोगालाई फलको रुपमा उपभोग गर्ने गरेको बेनी नगरपालिका-४ सिंगाका तेजबहादुर बानियाले बताए । बाल्यकालमा अग्लो रुखबाट ढुङ्गा र लौरोले झटारो हानेर सिमलको घोगा झारेर खाएको उनले सम्झिए । पालुवा खेल्ने बैशाखको अन्तिमतिर सिमलको घोगा पाकेर घुवा निस्कने गर्छ । सिमलको भुवा उडाएर वरपरका पाखा सेताम्मे हुन्छन् । अनुसन्धानात्मक लेखमा सिमलको बोक्रा तथा काण्डको पाउडरलाई दमको उपचारमा पनि प्रयोग गर्न सकिने बताइएको छ । महिनावारी गडबडी भएका महिलालाई सिमलको बोक्रा र फूलको मुख्य भाग मिसाएर सेवन गराउँदा फाइदा हुने अनुसन्धानमूलक लेखहरुमा उल्लेख छ ।

वन तथा वातावरण मन्त्रालयअन्तर्गत वनस्पति विभागका नरहरि आचार्य र राजेश तामाङले सन २०१७ मा प्रकाशन गर्नुभएको 'इथ्नोबोटानी अन चेपाङ कम्युनिटी इन नेपाल' पुस्तकका अनुसार, चेपाङ समुदायले पेट दुख्ने, आउँको समस्यामा सिमलको फूल र खोटो प्रयोग गर्छन । सिमलको विभिन्न भागलाई यो समुदायले औषधिका रूपमा प्रयोग गर्छ । समाजको अनुभव र अध्ययन अनुसन्धानहरुले सिमल औषधिजन्य जडीबुटी रहेको बुझिन्छ । सिमलको उपयोगिताको विषयमा विस्तृत अनुसन्धान गर्नुपर्ने डिभिजन वन कार्यालय म्याग्दीका सहायक वन अधिकृत विनय अधिकारीले बताए । वनस्पती र चराको सम्बन्धको अध्ययन गर्ने हो भने सिमलको रुखमा मात्र गिद्ध र चिल प्रजातिका पन्छीले गुँड लगाउने गर्दछन् । यी पन्छीले आफ्ना बासस्थानका लागि सिमलको रुख सुरक्षित ठान्ने गर्दछन् । अग्ला हुने सिमलको रुखमा बनाएको गुँडलाई गिद्ध र चिलले सुरक्षित मान्ने गर्छन् । गिद्धका अनुसन्धानकर्ताहरु अरु रुखमा हाँगा धेरै हुने र गिद्धका पखेटा ती हाँगामा ठोकिने भएकाले हाँगा धेरै नहुने र अग्ले हुने भएकाले सिमलमा गुँड बनाउन रुचाउने बताउँछन् । त्यसैले गिद्धको संरक्षणका लागि सिमलका रुख काट्न प्रतिबन्ध लगाइनुपर्ने उनीहरुको भनाई छ । सिमलको काठ केही वर्षअघिसम्म सलाई उद्योगमा प्रयोग हुने गरेको थियो । सलाईको वैकल्लिक साधनको विकास भएपछि प्रयोग घटेको छ । तर पनि दाउरा र काठका रुपमा पनि सिमल उत्तम ठानिन्छ । सिमलबाट बनेका फर्निचर हल्का हुने भएकाले पनि उपयुक्त ठानिएको छ । सुरिला सिमलको रुख खोपेर पानी घट्ट र नहर बनाउन नमिल्ने ठाउँमा डुढ बनाउने पनि गरिएको छ । पलास्टिकको पाइप उपलब्ध हुन थालेपछि सिमलको रुखको डुँढ बनाउन छाडिएको यसका प्रयोगकर्ताहरु बताउँछन् । सिमलको भुवा अरुका तुलनामा नरम र न्यानो हुन्छ । त्यसैले यसको सिरानी र सिरक बनाउन बढी प्रयोगमा ल्याउने गरिएको छ । हल्का खालको सिरक र सिरानी बनाउनका लागि यसको प्रयोग गर्ने गरिन्छ । सिमलको भुवाले बनाएको सिरक अरुका तुलनामा बढी न्यानो र हल्का पनि हुने गर्दछ ।**-रासस**

## माछाका भुरा उत्पादनमा समस्या

कैलालीको गेटामा रहेको मत्स्य विकास केन्द्रमा माछाका भुरा उत्पादनमा समस्या भएको छ । जीर्ण संरचनाका कारण माछाका भुरा उत्पादनमा समस्या भएको हो ।

वर्षौंअघि निर्माण गरिएका ह्याचरी पोखरी जीर्ण हुनुका साथै तथा भुरा राख्न नयाँ पोखरी निर्माण नहुँदा माछाका भुरा उत्पादन गर्न समस्या भएको मत्स्य विकास केन्द्र गेटाका निमित्त प्रमुख निर्मलबहादुर खातीले जानकारी दिए । बीस बिघा जमिनमा फैलिएको मत्स्य विकास केन्द्रमा ४२ पोखरीमा माछाका भुरा उत्पादन हुँदै आएको थियो । यहाँ प्रारम्भमा सात प्रकारका माछाका भुरा राख्ने पोखरी निर्माण गरिएका थिए । निमित्त प्रमुख खातीका अनुसार माछा उत्पादनका लागि १७ नर्सरीको व्यवस्था गरिएको छ । भुरा उत्पादन गरी सुपथ मूल्यमा बिक्री गरिँदै आएको छ । मत्स्य विकास केन्द्र हाल ह्याचरी, फिङ्गर र फ्राई माछाका भुरा उत्पादन गर्दै आएको छ । झण्डै पाँच दशक वर्षअघि निर्माण गरिएका ह्याचरी पोखरीको मर्मत गर्न सकिएको छैन ।

भुरा राख्न नयाँ पोखरी निर्माण गर्नुपर्ने निमित्त प्रमुख खातीले बताए । 'बजेट अभावले जीर्ण संरचना मर्मत गर्न सकिएको छैन', उनले भने । मत्स्य विकासले चैतबाट माछाका भुरा बिक्री गर्दै आएको छ । गत आर्थिक वर्षमा तीन करोड २० लाख ह्याचरी उत्पादन गरिएकोमा चालु आव २०८०/०८१ मा चार करोड ह्याचरी उत्पादन गर्ने लक्ष्य केन्द्रको रहेको छ । मत्स्य विकास केन्द्र गेटाले सात प्रजातिका माछाका भुरा उत्पादन गरी बिक्री गर्दै आएको छ । तीस कठ्ठा जग्गामा नयाँ पोखरी निर्माण गर्न सकिने बताउँदै निमित्त प्रमुख खातीले भने, 'क्षेत्र विस्तार भएपछि रु आठ करोड भुरासम्म उत्पादन गर्न सकिन्छ । सुदूरपश्चिमका लागि ७० प्रतिशत माछाका भुराको आपूर्ति गर्न सकिने जनाइएको छ ।' प्रदेश प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले तीन वर्षअघि निर्माणका लागि ठेक्का गरेको आधुनिक ह्याचरीको कामबजेट अभावमा पूरा हुन सकेको छैन् । सो ह्याचरीको काम पूरा गर्न सकियो भने एक वर्षमा आठ करोड भुरा उत्पादन गर्न सकिने केन्द्रले जनाएको छ । प्रदेश सरकारले बजेट विनियोजन नगरेकाले नयाँ संरचना थप गर्न समस्या भएको जनाइएको छ । मत्स्य विकास केन्द्र गेटाले एक लाख भुराको रु दुई हजार पाँच सयमा बिक्री गर्दै आएको छ । केन्द्रमा उत्पादित माछाका भुरा सुदूरपश्चिमका नौवटै जिल्लासहित बाँके, बर्दिया बिक्री हुँदै आएको जनाइएको छ । **-रासस**

# धार्मिक कार्यक्रमका लागि पूर्व युवराज पारस पाल्पामा

कृष्ण पोखरेल



**तानसेन,** फागुन २६/पूर्व युवराज पारस शाहा धार्मिक कार्यक्रममा सहभागी हुन पाल्पा आएका छन् । महाशिवरात्रिको अवसरमा पाल्पाको बगनासकाली गाउँपालिका- ९ बराङ्दीमा रहेको महामृत्युञ्जय शिवासनमा भएको कार्यक्रममा सहभागी हुन उनी पाल्पा आएका हुन् ।

शाहा पाल्पामा शिव पूजाको लागि आएको यो पहिलो पटक हो । उनले शिवको पूजा आराधना गरेका छन् । मन्दिरमा केही समय सर्वधारणहरुको पूजा आजा रोकेर पारसले महामृत्युञ्जय शिवासनमा शिवको नित्य पूजा गरेका हुन् । उनले शिबलिङ्गमा जलधारा, दुधधारा, घिउबाट स्नान गराएका थिए । सोही अवसरमा पुजारीहरुले शाहा समक्ष शिवलिङ्गमा भष्म उठाउने, भष्म लगाउने गरेका थिए । मन्दिरमा पारसलाई हेर्न मानिसकहरुको भिडभाड लागेको थियो । पारससंगै राप्रपा पाल्पाका जिल्ला अध्यक्ष डुल बहादुर कुवँर सहित नेता तथा कार्यकर्ताहरु शिव मन्दिर दर्शनमा पुगेका थिए । यस वर्ष हिन्दुहरुको पवित्रपर्व महाशिवरात्रीको अवसरमा पाल्पाका विभिन्न शिव मन्दिर तथा प्रसिद्ध शिव धामहरुमा भगवान शिवको पूजाआजा तथा भजन किर्तन गर्ने भक्तजनहरुको अत्याधिक भिड देखिथ्यो । हिन्दुधर्ममा देवका पनि महादेवको रुपमा भगवान शिवलाई पूजाआजा भजन कृर्तन गर्ने परम्परा रहेको छ । भगवान शिवको पूजा पाठ गर्न भजन कृर्तनको लागि विहानै देखी भक्तजनहरु पाल्पाका शिवमन्दिरहरुमा पुगेका थिए । भगवान शिवजीको उत्पत्ति भएको दिनको रुपमा हिन्दुहरुले महाशिवरात्री पर्व मान्दै आएको पौराणिक कथन रहेको पाईन्छ । तानसेनको नारायणस्थानमा १०८ गौमुखे धारासहित १ हजार ६ सय किलोको शिवलिङ्ग स्थापना गरी, मुर्तिको प्राण प्रतिष्ठा, रुद्री पाठ गरी शिव आराधना गरिएको थियो । पाल्पामा तिनाउको दोभान सिद्धबाबा मन्दिर, बगनासकाली बराङ्दीको महामृत्युञ्जय शिवासन, सिद्धबाबा धाम तानसेनको ठूँटेपिपल बद्रेश्वर शिवालय, बतासेडाँडा, प्रभास, नारायणस्थान, दमकडा, रामपुर लगायतका स्थानका शिवालय मन्दिरहरुमा भक्तजनहरुको भिडभाड रहेको छ । शिवरात्रीको दिनमा भगवान शिवको पूजा आजा भजनकिर्तन गर्ने, उपवास बसेमा मनको कामना पुरा हुने जनविश्वास रहँदै आएको छ । भगवान शिवलाई वेलपत्र, भिष भाङ धतुरो चढाउने परम्परमा पनि रहँदै आएको छ ।

# भगवान शिवप्रति टिकारामको श्रद्धा



**पाल्पा,** फागुन २६/ जिल्लाको तानसेन नगरपालिका-३ भगवतीटोलस्थित अन्नपूर्ण होटलका सञ्चालक टिकाराम बस्यालको भगवान शिवप्रतिको श्रद्धा अत्यन्त लोभ लाग्दो रहेको छ । उनले हरेक वर्ष महाशिवरात्रिको अवसरमा शिवको पूजा आराधना गर्नुको साथै प्रसाद वितरणदेखि दिनदुखी र धार्मिक कार्यमा सहयोग समेत गर्दै आएका छन् ।

बस्यालले शिवप्रति मनैदेखि श्रद्धा, भाव जागेर आउने गरेको भन्दै शिवजीको प्रसाद सबैलाई ग्रहण गराउने र आवश्यकता अनुसार असशक्त, असहायहरुलाई सहयोग गर्ने गरेको बताउँछन् । हरेक वर्ष जस्तै यस वर्ष पनि बस्यालले प्रसाद वितरण गरे । बाटोमा हिड्ने यात्रुदेखि शिवालय मन्दिरमा दर्शन गरी फर्कने दर्शानार्थीहरुले अन्नपूर्ण होटल परिसरबाट प्रसाद ग्रहण गरेका थिए । बस्यालले एक दशक अघिदेखि शिवरात्रिका दिन प्रसाद वितरण गर्दै आएका हुन् । उनी भारतको नयाँ दिल्लीमा रहँदा शिवरात्रिका दिन प्रसाद बाँड्ने गरेको र नेपाल आएपछि आफुले पनि हरेक वर्ष शिवरात्रिकै दिन प्रसाद बाँड्ने परम्पराको थालनी गरेको बताउँछन् । बस्यालले भने 'म पहिले दिल्लीमा हुँदा त्यहाँ शिवजीको प्रसाद बाँड्ने गरेको देखेको थिएँ । मलाई शिवप्रति मनैदेखि अत्यन्त श्रद्धा जागेर आउन्छ, शिवको पुजा पनि गर्छु । म नेपाल आएपछि हरेक वर्ष घरमै र अहिले होटलमा प्रसाद बाँड्ने गरेको छु ।' बस्यालले शिवरात्रिका दिन पूजा, प्रसाद वितरण मात्र हैन विभिन्न शिवालय मन्दिर र आश्रममा पुगेर आर्थिक, खाद्यान्न समेत सहयोग गरे । उनले बाराङ्दीमा रहेको नारायणडाँडा शिवालय मन्दिरमा पुजा गर्दै आएका पुजारीका लागि तलव र पोशाक समेत दिर्दै आएका छन् । बस्यालले तानसेनको भूसालडाँडामा रहेको नील सागर सेवा आश्रममा पुगेर असहाय, अशक्त, मानसिक रुपमा विक्षिप्त रहेका वृद्धवृद्धाहरुका लागि खाद्यान्न समेत सहयोग गर्दै आएको उनका छोरा तथा होटल सञ्चालक लक्ष्मण बस्यालले बताए । उनी भन्छन्,'बुवाको शिवजीप्रति आस्था रहेको छ । उहाँले हरेक वर्ष प्रसाद वितरण गर्नुको साथै मन्दिरमा सहयोग, असहाय, अशक्त वृद्धवृद्धाहरुलाई आवश्यक सहयोग पनि गर्नुहुन्छ, । उहाँको सहयोगी भावना र धर्मप्रतिको आस्था देखेर हामीलाई पनि खुसी लाग्छ ।' ६५ वर्षीय बस्याललाई प्रसाद वितरणमा श्रीमति उमादेवी बस्याल, छोरा लक्ष्मण बस्याल, बुहारी उषा बस्यालले साथ दिदै आएका छन् । प्रसाद ग्रहण गर्न पुग्नेहरु उत्साहित हुँदै बस्याल परिवारलाई धन्यवाद दिर्दै फर्कने गरेका थिए ।

## खेलकुद समाचार

# मैत्रीपूर्ण टी-२० खेलमा नेपाल हङकङसँग पराजित



काठमाडौं, फागुन २६/हङकङ विरुद्धको मैत्रीपूर्ण टी-२० खेलमा नेपाल ७३ रनले पराजित भएको छ । घरेलु मैदानमा हङकङले दिएको २१३ रनको लक्ष्य पछ्याएको नेपाल १६.४ ओभरमा १३९ रन बनाउँदा अलआउट भयो ।

नेपालका लागि विनोद भण्डारीले ४२, आरिफ सेखले ३८ र कप्तान रोहित पौडेलले ३० रन बनाउनुबाहेक अरु ब्याटरले दोहोरो अंकको स्कोर छुन सकेनन् । २२ बल खेलेका विनोदले ४ चौका र ३ छक्काको मद्दतमा ४२ रन बनाएका थिए आरिफले २१ बलमा ४ चौका र २ छक्काको मद्दतमा ३८ रन बनाएका थिए । त्यस्तै रोहितले २३ बलमा २ चौका र १ छक्काको मद्दतमा ३० रन बनाए पनि अरु ब्याटरहरु टिक्न सकेनन् । ओपनर कुशल भुर्तेल जम्मा २ रनमा आउट भए भने गुल्सन झा ८, रासिद खान ३, सन्दीप जोरा र आकाश चन्द २/२ रन, विवेक यादवले १ रन बनाए । प्रतिश जिसी भने शून्य रनमा आउट भए ।

टस हारेर पहिले ब्याटिङ गरेको हङकङले निर्धारित २० ओभरमा ६ विकेट गुमार २१२ रन बनाएको थियो । बाबर हायातले विष्फोटक ब्याटिङ गर्दै ४९ बलमा १३ छक्का र ३ चौका मद्दतमा ११० रन बनाए । हङकङका अंशुमन रथले ३९, मार्टिन कोट्जीले ३१ रन, ऐजज खानले २१ रन बनाए । कप्तान निजाकत खान, जेम्स जोन एटकिन्सन र यासिम मुर्तजा भने शून्य रनमै आउट भए । नेपालका आकाश चन्दले तीन तथा आरिफ शेख, प्रतिश जिसी र राशिद खानले एक/एक विकेट लिए । त्रिकोणात्मक सिरिज खेल्न पुगेको नेपाली टोलीले हङ्कङ्सँग शनिबार मैत्रीपूर्ण खेल खेलको हो । त्रिकोणात्मक सिरिजअन्तर्गत नेपालले आज (आइतबार) हङकङ र मंगलबार पपुवा न्युगिनीसँग खेल्नेछ ।

# मुद्रण व्यवसायलाई...

...प्राध्यापक दीपक ढुंगानाले प्रविधिको विकाससँगै समय सापेक्ष र समय अनुकुलका व्यवसायिक योजना बनाएर अगाडि बढ्नुपर्ने बताए । संघका प्रेस सल्लाहकार सुमन अधिकारीले कार्यशाला सहजिकरणको भूमिका निर्वाह गरेका थिए ।

कार्यक्रममा मुद्रण उद्योग संघ रुपन्देही कार्य समिति, प्रदेश समिति र केन्द्रीय पदाधिकारीसहित २२ जनाको सहभागीता रहेको थियो । संघका पदाधिकारीहरुका लागि गोष्ठी आयोजना गरिएको संघले जनाएको छ । गोष्ठी शुक्रबार र शनिबार दुई दिनसम्म चलेको हो । गोष्ठीले आगामी दुई वर्षको व्यसायिक र रणनीतिक योजना निर्माण गरेको छ ।

संघका रुपन्देही अध्यक्ष पशुपति पौडेलको अध्यक्षता, उपाध्यक्ष सागर पाठकको संयोजन सचिव राजु घिमिरेको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार

# राष्ट्र बैंकले ८ अर्बको विकास ऋणपत्र निष्कासन गर्दै




**पाल्पा,** फागुन २६/राष्ट्र बैंकले ८ अर्बको विकास ऋणपत्र निष्कासन गर्न लागेको छ । आन्तरिक ऋण उठाउने प्रयोजनका लागि बैंकले विकास ऋणपत्र निष्कासन गर्न लागेको हो ।

ऋणपत्रका लागि मंगलबार (फागुन २९ गते) दिउँसो ३ बजेसम्म बोलकबोल गर्न सकिने राष्ट्र बैंकको सूचनामा उल्लेख छ । फागुन ३० गते (बुधबार) राष्ट्र बैंकले ऋणपत्र बिक्री जारी गर्ने जनाएको छ । ८ वर्ष अवधिको ऋणपत्रमा नेपाली नागरिक, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी तथा अन्य संघसंस्थाले लगानीका लागि आवेदन दिन सक्नेछन् । बोलकबोल माध्यमबाट यसको ब्याजदर निर्धारण हुन्छ । न्यूनतम ५० हजार रुपैयाँ र ५० हजारले भाग जाने अंकमा खरिद गर्न पाइने छ । ऋणपत्र खरिद गर्न चाहनेले राष्ट्र बैंकको अनलाइन बिडिङ सिस्टममार्फत बोलकबोल पेस गर्न सक्नेछन् । यस ऋणपत्रको साँवा भुक्तानी ३० फागुन २०८८ मा हुनेछ भने ब्याज अर्धवार्षिक रुपमा लगानीकर्ताले पाउने छन् । नागरिकले आवेदन दिँदा राष्ट्र बैंकको मौद्रिक व्यवस्थापन विभागमा गई खरिद गर्न चाहेको रकमको २.५० प्रतिशत रकम राष्ट्र बैंकको खाता नं. १२००००-०१५-११५-५२४ मा जम्मा गरेको सक्कल भौचर र नागरिकता प्रमाणपत्र प्रतिलिपीसहित विभागमा अनलाइन बिडिङ सिस्टममार्फत बोलकबोल गर्नुपर्नेछ । यो विकास ऋणपत्र नेप्सेका सूचीकृत भई कारोबारमा आउने छ भने बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण समेत लिन सकिन्छ । विकास ऋणपत्र २०८८ 'क' नाम दिइएको उक्त ऋणपत्रको परिपक्व अवधि ८ वर्ष छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई